नेपाली राजदूतावास
रियाद, साउदी अरव
**Embassy of Nepal**
Riyadh, Kingdom of Saudi Arabia

سفارة نيبال
الرياض - المملكة العربية السعودية

**प्रेष विज्ञप्ति**

मिति २० जनवरी २०१७ मा साउदी अरबस्थित नेपाली राजदुतावासले दूतावासका कार्यवाहक राजदूत श्री आनन्द प्रसाद शर्माज्यूको संयोजकत्वमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गर्यो। नेपाली कांग्रेसका नेता श्री प्रदिप पौडेलको आतिथ्यतामा सम्पन्न सो अन्तरक्रिया कार्यक्रममा साउदी अरबमा विभिन्न पेशा, ब्यबसाय तथा रोजगारी गरेर बस्नुभएका नेपालीहरुको सहभागिता रहेको थियो।

कार्यक्रमका अतिथि नेपाली कांग्रेसका नेता श्री प्रदिप पौडेलले साउदी अरबमा रहेका नेपाली कामदारका समस्याले आफुलाई चिन्तित बनाएको जनाउदै आबश्यक नीति, कार्यक्रम तथा श्रोत ब्यबस्थाको लागि आफूले प्रत्यक्ष अनुभव गरेको आधारमा सम्बन्धित मन्त्रालयलाई सुझाव दिने प्रतिवद्दता व्यक्त गर्नुभयो । तत्काल वैदेशिक रोजगारीको विकल्प नरहेकोले यसैलाई थप ब्यबस्थित गर्दै अधिकतम लाभ लिने गरी सीपयुक्त जनशक्ति आपूर्ति गर्न लक्षित समुहका युवालाई जिल्ला जिल्लामा तालिम दिने ब्यबस्था गर्ने, छुट्टै वैदेशिक रोजगार मन्त्रालय गठन गर्ने, इजाजतपत्रवालालाई गल्ति गर्दा तत्कालै र कठोरतापूर्वक कारवाहीको ब्यबस्था गर्ने, साथै गन्तब्य मुलुकको राजदूतावास तथा सरोकारवाला निकायलाई क्षमतायुक्त बनाउनुपर्ने आवश्यकता रहेको धारणा राख्नुभयो ।

यस अघि कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा कार्यबाहक राजदूत शर्माले नेपाली कामदारहरुको समस्याहरुलाई समाधान गर्न दूतावास सदैव प्रयत्नशील रहेको जनाउदै दूतावासको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन  बिहान ८:०० बजेदेखि राति ८:०० बजेसम्म Hotline सेवा सन्चालन गरिएको, कामदारहरुको सुरक्षाको बिषयलाई मध्यनजर गर्दै यही महिनादेखि साउदी अरबका बिभिन्न शहरहरुमा कामदार लक्षित अभिमुखीकरण कार्यक्रम सन्चालन गर्ने तयारी गरिएको तथा विभिन्न कारणले ज्यान गुमाएका कामदारहरुको क्षतिपूर्तिको विषयलाई प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी गराउनु भयो । श्रमिकहरुको बढ्दो समस्याहरुको विषयमा दूतावास जानकार र संबेदनशील रहेको जनाउदै कार्यवाहक राजदूत शर्माले सिमित स्रोत र साधनको वाबजुद आफ्नो तर्फबाट समस्या समाधानको लागि निरन्तर पहल गरिरहेको र सो कार्यमा साउदी अरबमा क्रियाशील नेपाली समुदायहरु, म्यानपावर ब्यबसायीहरु तथा स्वयं कामदारहरुबाट भइरहेको सहयोगलाई धन्यवाद दिंदै आगामी दिनमा पनि निरन्तर सहयोगको लागि आग्रह गर्नुभयो ।

नेपाली राजदूतावास, रियाद
साउदी अरब
२२ जनवरी २०१७

ص.ب ٩٤٣٨٤ الرياض ١١٦٩٣ - المملكة العربية السعودية - تلفون : ٤٦١١١٠٨-٤٦٤٥١٧٠-١١-٩٦٦ - فاكس : ٤٦٤٠٦٩٠-٤٦٥١٨٢٣-١١-٩٦٦
P.O. Box 94384 Riyadh 11693 - Saudi Arabia - Tel. : 966-11-4611108-4645170 - Fax : 966-11-4640690-4651823
Web Site: www.neksa.org    E-mail: info@neksa.org :بريد الكتروني